मिति:२०८३।०२।२२ गते ।

स्थान : केन्द्रिय कार्यालय दिक्तेल

समय : ~~दिउँसो ३:३०~~ साँझ ५:३० बजे

संचालक समिति बैठक नं. ४७७

**उपस्थिति**

| | | |
|---|---|---|
| १. टंक राई | अध्यक्ष | |
| २. लवकुमार राई | सन्चालक | |
| ३. शरण कुमार राई | सन्चालक | |
| ४.हरिन्द्र प्रसाद राई | सन्चालक | |
| ५.चन्द्र बहादुर खड्का | सन्चालक | |
| ६.लता केसी | स्वतन्त्र सन्चालक | |

**प्रस्तावहरु**

१) वैंकको चौधौं वार्षिक साधारण सभाको मिति, स्थान र समय निर्धारण गर्ने र वार्षिक साधारण सभा सम्वन्धी जानकारीको लागि सुचना प्रकाशित गर्ने ।

२) वैंकको चौधौं वार्षिक साधारण सभामा छलफल र अनुमोदनका लागि साधारण तथा विशेष प्रस्तावहरु निर्धारण गर्ने ।

३) आ.व.०८१।८२ को लागि कम्पनी ऐन ०६३ को दफा ७८ बमोजिमको विवरण पारित गर्ने ।

४) निर्वाचन समिति गठन गर्ने र निर्वाचन अधिकृत तोक्ने ।

५) दर्ता किताव (वुक क्लोज) वन्द गर्ने ।

६) विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ मा यस सालपा विकास बैंक लिमिटेडको चौधौं तथा आ.व.०८१/८२ को वार्षिक साधारण सभा निम्न वमोजिम हुने गरि बोलाउने र वार्षिक साधारण सभा सम्वन्धी शेयरधनीहरुलाई जानकारी दिनको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

<u>चौधौं वार्षिक साधारण सभा हुने:</u>
मितिः २०८३।०३।१५ गते ।
स्थानः खोटाङ जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा.वडा न.२ स्थित शुभम फाउण्डेशनको परिसर ।
समयः दिनको ११ बजे ।

२. निर्णय नं. २ प्रस्ताव नं. २ मा यस सालपा विकास बैंक लिमिटेडको चौधौं तथा आ.व.०८१/८२ को वार्षिक साधारण सभामा छलफल र अनुमोदनका लागि निम्न बमोजिमका साधारण तथा विशेष प्रस्तावहरु निर्धारण गर्ने निर्णय गरियो ।

**क.साधारण प्रस्तावहरु**

१.संचालक समितिले तयार पारेको बैंकको आ.व. ०८१।८२ को वार्षिक प्रगती प्रतिवेदन उपर छलफल र अनुमोदन गर्ने ।

२.लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष ०८१।८२ को नाफा नोक्शान हिसाव तथा नगद प्रवाह विवरण सहितको अनुसुचीहरु उपर छलफल र अनुमोदन गर्ने ।

३.बैंकको आ.व. ०८२।८३ को लागि बाहय लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने ।

४.आगामी कार्यकालको लागि संचालक समितिको चयन गर्ने ।

ख.विशेष प्रस्तावहरु

१. बैंकको हालको कार्यक्षेत्र बाहेक थप चार जिल्लामा बैंकको कार्यक्षेत्र विस्तार गर्ने र प्रयोजन लगायत अन्य संशोधनका लागि नियमनकारी निकायबाट प्रवन्धपत्र तथा नियमावलीमा संशोधन, फेरवदल तथा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार संशोधन थपघट गर्न संचालक समिति तथा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियार दिने सम्बन्धमा ।

२. संचालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्वन्धित नियम संशोधन गर्ने ।

३. विविध ।

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा यस बैंकको आ.व.०८१।८२ को लागि कम्पनी ऐन ०६३ को दफा ७८ बमोजिमको विवरण पारित गर्ने निर्णय गरियो ।

४.प्रस्ताव न.४ मा छलफल गर्दा यस बैंकको नियमावलीको नियम २७ को (३) नं. बमोजिम वर्तमान संचालक समितिको कार्य अवधि पुरा भएकोले सभाबाट आगामी कार्याकालको लागि संचालक समिति चयन गर्नुपर्ने भएको हुँदा अधिवक्ता श्री देवराज थुलुङ(प्र.प.स.११८६१ स्थायी लेखा नं.१०६२४८०९०) लाई निर्वाचन अधिकृत तोक्ने निर्णय गरियो ।

५. प्रस्ताव न.५ मा यस बैंकको चौधौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३।०३।०३ गते (१) एक दिन बैंकको शेयरधनी दर्ता किताव बन्द गर्ने निर्णय गरियो ।

६. विविध तर्फ यस बाहेक छलफल गर्नुपर्ने विषय नभएकोले अध्यक्षज्यूले बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

SALAPA BIKAS BANK LTD.
Diktel-2, Khotang
सालपा विकास बैंक लि.